Volume 10, Issue 9, 2025

# खोटाङ जिल्लामा बसाइँसराइ र वैदेशिक रोजगारीः कारण र प्रभाव अध्ययन

लिला बहादुर खत्री
दिक्तेल बहुमुखी क्याम्पस, उप-प्राध्यापक
lilakhatri386@gmail.com

DOI:
https://doi.org/10.3126/dmcj.v10i9.90600

**सार**

*नेपालका ग्रामीण पहाडी क्षेत्रहरूमा बसाइँसराइ एक लगातार गहिरिँदो सामाजिक-आर्थिक प्रक्रिया बनेको छ, जसले स्थानीय जनजीवन, समुदायको संरचना र परम्परागत जीवनशैलीलाई व्यापक रूपमा रूपान्तरण गरिरहेको छ । खोटाङ जिल्लाको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकालाई केन्द्रमा राखेर बसाइँसराइ तथा वैदेशिक रोजगारीको कारण तथा प्रभावको अध्ययन गर्ने उद्देश्य अनुरुप गरिएको यस अध्ययनले पहाडी भूगोलमा विद्यमान पूर्वाधार अभाव, शिक्षा-स्वास्थ्य सेवामा असमान पहुँच, यातायात कठिनाइ, कृषि आयमा गिरावट, तथा नयाँ अवसरको खोजजस्ता कारणहरूले स्थानीयहरूलाई आफ्नो जन्मथलो छोड्न प्रेरित गरेको यथार्थलाई समग्र रूपमा विश्लेषण गर्दछ । युवाले गाउँमा भविष्य नदेख्दा शहर वा विदेशतर्फ आकर्षित हुने बढ्दो प्रवृत्तिले पहाडी बस्तीहरूमा श्रमशक्तिको अभाव, कार्य-विभाजनको असमानता, परम्परागत पेसाको कमजोर आधार, तथा परिवारमा निर्णयकर्ताको अनुपस्थिति जस्ता सामाजिक चुनौतीहरू देखापरेका छन् । ग्रामीण समुदायबाट शहर र तराईतर्फको आन्तरिक बसाइँसराइ र बाह्य प्रवास दुवैले नेपालको भौगोलिक, सामाजिक र सांस्कृतिक पर्यटनलाई नयाँ रूप दिन थालेको छ ।*

*अध्ययनले गुणात्मक र परिमाणात्मक दुवै पद्धतिहरू अवलम्बन गदै सम्भावनायुक्त नमुना छनौट विधि अन्तर्गतको उद्देश्यमूलक नमूना छनौट विधिको संयोजन मार्फत बसाइँसराइका कारण र प्रभावहरूको बहुआयामिक स्वरूपलाई उजागर गर्दछ । वैदेशिक रोजगारको बढ्दो आकर्षणले ग्रामीण आर्थिक संरचनामा महत्त्वपूर्ण परिवर्तन ल्याएको छ एकातिर रेमिट्यान्सले घर निर्माण, शिक्षा, स्वास्थ्य सेवा तथा उपभोग क्षमतामा उल्लेख्य सुधार ल्याएको छ । अर्कोतर्फ परिवार विखण्डन, दाम्पत्य तनाव, बालबालिकामा मानसिक प्रभाव, तथा सामाजिक सहकार्य प्रणाली कमजोर हुँदै जाने अवस्थाहरू पनि उभिएका छन् । श्रमशक्ति बाहिरिँदा पहाडी क्षेत्रमा कृषि गतिविधि कमजोर हुँदा उत्पादन घट्ने, बारी बाँझिनु, पशुपालनको अवनति, तथा सामुदायिक श्रम व्यवस्था विघटनजस्ता समस्या उत्पन्न भएका छन् । त्यस्तै, शहरमा बढ्दो चापले नयाँ आर्थिक अवसर र सेवा विस्तारकासम्भावना जन्माए पनि, असमानता, अनियमित बस्ती,सामाजिक विभाजन र प्रतिस्पर्धात्मक दबाबजस्ता चुनौतीहरू बढाएका छन् । बसाइँसराइको यो जटिल प्रकृतिले ग्रामीण-शहरी असमानता, पहाड-तराई, र सांस्कृतिक निरन्तरतामा गहिरो प्रभाव पारेको देखिन्छ ।*

*दिगो विकासका दृष्टिले हेर्दा बसाइँसराइ केवल समस्या नभई सामाजिक रूपान्तरणको अविभाज्य प्रक्रिया हो, जसले नयाँ अवसरहरू पनि निर्माण गर्दछ तर व्यवस्थापनसँगै नआएमा असन्तुलन उत्पन्न गर्न सक्छ । अध्ययनले ग्रामीण क्षेत्रमा जीवनस्तर सुधार्ने पूर्वाधार निर्माण,*

*स्थानीय रोजगारी र उद्यमशीलता विस्तार, कृषि आधुनिकीकरण, तथा रेमिट्यान्सलाई उत्पादनमुखी क्षेत्रमा परिचालन गर्न सक्ने नीतिगत रणनीति अपनाउन सुझाव प्रस्तुत गर्दछ । पहाडी बस्तीहरूलाई बस्नयोग्य, सुरक्षित र अवसर सम्पन्न बनाउने प्रयासले मात्रै आन्तरिक तथा बाह्य बसाइँसराइको दवाबलाई सन्तुलित गर्न सकिन्छ । यस अध्ययनले नेपालका सामाजिक-आर्थिक रूपान्तरण बुझ्न इच्छुक अनुसन्धानकर्ता, नीति निर्माताहरू तथा स्थानीय निकायहरूका लागि उपयोगी आधारका रूपमा काम गर्ने उद्देश्य राख्दछ, र बसाइँसराइलाई दीर्घकालीन विकाससँग जोडेर बुझ्न आवश्यक भएको निष्कर्षमा पुग्दछ ।*

**शब्दकुञ्जिका** : बसाइँसराइ, वैदेशिक रोजगारी, रेमिट्यान्स,जनसांख्यिक असन्तुलन, ग्रामीण विकास

## परिचय (Introduction)

नेपालको ग्रामीण भौगोलिक संरचनाले गर्दा शिक्षा, स्वास्थ्य, यातायात, रोजगारीजस्ता आधारभूत सेवाहरूमा पहुँच अझै पनि असमान छ । विशेष गरी पहाडी तथा हिमाली जिल्लाहरूमा पर्याप्त पूर्वाधारको कमी, सीमितआर्थिक अवसर, जलवायुजन्य जोखिम, र स्थानीय स्रोतहरूको सीमित प्रयोगले गर्दा त्यहाँका नागरिकहरू आफ्नो जन्मथलो छोडेर अन्यत्र बसाइँ सर्न बाध्य छन् । यस्ता बसाइँसराइहरू केही अवस्थामा स्वयं प्रेरित भए पनि धेरैजसो बाध्यात्मक हुन्छन् । यो प्रक्रिया व्यक्तिगत तथा पारिवारिक स्तरमै सीमित नरही सामाजिक संरचना, स्थानीय अर्थतन्त्र, तथा सेवा प्रवाहमा समेत गहिरो असर पार्ने गर्छ । खोटाङ जिल्ला पूर्वी पहाडी नेपालमा अवस्थित एक ग्रामीण जिल्ला हो जहाँ पछिल्ला वर्षहरूमा बसाइँ सराइको दर उल्लेखनीय रूपमा बढिरहेको छ । यस जिल्लाबाट मानिसहरू शिक्षाको खोजीमा शहरी क्षेत्रमा, जीविकोपार्जनको लागि तराई वा विदेशतर्फ, र स्वास्थ्य सेवाको लागि मुख्य सहरहरूतर्फ गइरहेका छन् । विशेष गरी युवा वर्ग र श्रमशक्तिमा हुने यो विस्थापनले गाउँहरूमा वृद्ध, महिला, र बालबालिकाको मात्र बाक्लो उपस्थितिलाई जन्म दिएको छ, जसले सामाजिक उत्तरदायित्वको पुनः वितरण, कृषि उत्पादनमा गिरावट, र सेवा प्रवाहमा असमानता जस्ता विविध चुनौतीहरू उत्पन्न गरेको छ । यस्ता समस्या र असरहरूको गहिरो अध्ययन नगर्दासम्म राज्यको नीति निर्माण, योजना कार्यान्वयन, र स्थानीय विकासको प्रयास प्रभावकारी बन्न सक्दैन । त्यसैले, खोटाङ जिल्लामा भइरहेका बसाइँसराइका मूल कारणहरू के हुन्छ ? त्यसले स्थानीय समुदायमा सामाजिक, आर्थिक र भौगोलिक दृष्टिले कस्तो परिवर्तन ल्याएको छ ? र यस्तो विस्थापनलाई सन्तुलित बनाउँदै विकासको मार्ग तय गर्ने उपायहरू के हुन सक्छन ? भन्ने जिज्ञासाहरूको उत्तर दिन यो अध्ययनले विशेष महत्त्व राख्दछ । यथार्थमा आधारित, तथ्यविश्लेषणमा केन्द्रित यस्तो अनुसन्धानले दीर्घकालीन समाधान तर्फको मार्गदर्शन प्रदान गर्न सक्ने छ ।

## समस्याको कथन (statement of the problem )

खोटाङ जस्ता पहाडी जिल्लामा शिक्षा, स्वास्थ्य, यातायात तथा रोजगारीजस्ता आधारभूत सेवाको अभावले बाध्यात्मक बसाइँसराइलाई बढावा दिएको छ । अधिकांश युवा वैदेशिक रोजगारीमा आकर्षित हुँदा गाउँहरूमा जनसांख्यिक असन्तुलन, कृषि उत्पादनमा गिरावट, महिलामा बढेको घरेलु तथा सामाजिक बोझ तथा सांस्कृतिक संरचनाको कमजोरी देखिएको छ । नेपालको अर्थतन्त्रमा रेमिट्यान्सले कुल गार्हस्थ्य उत्पादनको करिब २५ प्रतिशत योगदान पुऱ्याए पनि पारिवारिक विखण्डन, एकल अभिभावकत्व, मानसिक तनाव तथा श्रम शोषण जस्ता सामाजिक समस्या गम्भीर

बनेका छन् । राष्ट्रिय जनगणना २०२१ अनुसार अनुपस्थित जनसङ्ख्याको ठूलो हिस्सा रोजगारी खोजीमा विदेशिएको छ, जसले ग्रामीण क्षेत्रमा जनशक्ति अभाव सिर्जना गरेको छ । यो प्रक्रियाले आर्थिक लाभसँगै दीर्घकालीन सामाजिक तथा पर्यावरणीय चुनौती निम्त्याएको छ, जसलाई सम्बोधन गर्न तथ्यमा आधारित नीति तथा स्थानीय स्तरमा रोजगारी सृजना अपरिहार्य छ । बसाइँसराइको कारण तथा प्रभाव विषयमा गरिएको अनुसन्धान खोटाङ जिल्ला नेपालको कोशी प्रदेशको एक पहाडी जिल्ला हो । खोटाङ जिल्ला अक्षांश र देशान्तरको हिसाबले २६ ५०' उत्तरदेखि २७ २८' उत्तरी अक्षांशसम्म र ८६ २६' पूर्व देखि ८६ ५९' पूर्वी देशान्तरसम्म फैलिएको छ । खोटाङ जिल्लाको पूर्वमा भोजपुर, दक्षिणमा उदयपुर, पश्चिममा ओखलढुङ्गा र उत्तरमा सोलुखुम्बु जिल्ला रहेका छन् । यस जिल्लाको कूल क्षेत्रफल १५९१ वर्ग किलोमिटर (१५४०२०.२० हेक्टर ) रहेको छ ( सुवेदी, २०६६ ) । यस जिल्लामा १० वटा स्थानीय तह रहेका छन् । जसमध्ये ८ वटा गाउँपालिका र २ वटा नगरपालिका रहेका छन् । त्यसमध्ये दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका समुन्द्र सतहबाट ७०० मिटर देखि २६५० मिटरसम्मको उचाइमा फैलिएको छ । यस पालिकाको कुल क्षेत्रफल २४६.५१ वर्ग किलोमिटर रहेको छ । यस नगरपालिकामा १५ वटा वडा रहेका छन् भने १०७११ घर परिवार सङ्ख्या रहेका छन् । कुल जनसङ्ख्या ४३२९५ जना रहेको छ (दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, २०७८) जसमा यस दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको २०६८ सालको जनगणना अनुसार ४६९०३ जना रहेको छ (जिल्ला समन्वय समिति खोटाङ,२०८०/०८१)। जुन १५ वटा वडा मध्ये यो अनुसन्धान वडा नं. १, २, ३, १० र ११ का ४९७४ घरधुरीको १९२४२ जनसङ्ख्यालाई आधार मानी ४९७४ घरधुरीबाट कम्तीमा १ जनाको सम्बोधन हुनेगरी ४९७४ जनसङ्ख्यालाई अध्ययन अनुसन्धानको केन्द्रमा राखी सम्भाव्य नमुना छनोट विधि अन्तर्गत चिठ्ठा विधिको माध्यमबाट ४९७४ जनसङ्ख्यालाई अध्ययन जनसङ्ख्याको रूपमा लिई Solvin, 1960 को सुत्र$n = \frac{N}{1+Ne^2}$ (Kafle, R. & Nepal B. 2075) लाई अवलम्वन गरी ४ प्रतिशत त्रुटिको सम्भावना राखी जम्मा ५५६ घरधुरीबाट १ जनाप्रतिनिधिलाई अनुसन्धानको केन्द्रमा राखी उद्देश्यमूलक ढङ्गबाट तथ्याङ्कको सङ्कलन, तालिकीकरण तथा विश्लेषण गरी प्राप्त नतिजालाई निष्कर्षको रूपमा राखी प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

नेपालजस्तो विकासोन्मुख राष्ट्रका लागि वैदेशिक रोजगारी आर्थिक उन्नतिको महत्त्वपूर्ण आधार बनेको छ । राष्ट्रका लाखौं युवा श्रमको खोजीमा खाडी मुलुकहरू मलेसिया, दक्षिण कोरिया, जापानलगायतका देशहरूमा गएका छन् । विदेशी मुद्राको निरन्तर आप्रवाहले राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउनुका साथै व्यक्तिगत र पारिवारिक जीवनमा आमूल परिवर्तन ल्याएको पाइन्छ । यस लेखको उद्देश्य बसाइँसराइको कारण तथा प्रभाव अर्न्तगत वैदेशिक रोजगारीले निम्त्याएको आर्थिक समृद्धि र सामाजिक सङ्कटबिचको सम्बन्धका बारेमा समीक्षात्मक अध्ययन गर्नु पनि आवश्यक हो । अनुसन्धानमा गुणात्मक पद्धति अपनाएर सरकारी तथा अन्तर्राष्ट्रिय संस्थाहरूको तथ्याङ्क, विद्यमान अनुसन्धानहरू र सन्दर्भ ग्रन्थहरू अध्ययन गरिएको छ । नेपाल राष्ट्र बैङ्कका अनुसार आर्थिक वर्ष २०८०/८१ मा देशले १४४५ अर्ब रूपैयाँ बराबरको रेमिटचान्स प्राप्त गरेको छ ,जुन कुल गार्हस्थ उत्पादनको झण्डै २५% हो (नेपाल सरकार, २०८१)। यसले ग्रामीण क्षेत्रको जीवनस्तरमा सुधार, बालबालिकाको शिक्षामा लगानी, स्वास्थ्य सेवाको पहुँच तथा आवासीय संरचनाको व्यवस्थापन जस्ता सकारात्मक परिवर्तनहरू ल्याएको छ तथापि ग्रामीण समुदाय झन्झन् कम्जोर बन्दै गएको छ,जसको कारण बैदेशिक रोजगारले अर्थतन्त्रमा सुधार ल्याई जनतालाई शहरीकरणतर्फ उन्मुख

गरायो तर ग्रामीण क्षेत्रमा शहरीकरण अर्न्तगतका सेवा सुविधा प्राप्त गर्न सकिएको छैन । नेपालमा वैदेशिक रोजगारी अर्थतन्त्रको मेरुदण्ड मात्रै नभएर सामाजिक रूपान्तरणको मुख्य आधार बनेको छ । तर पनि यिनै लाभहरूका छायामा पारिवारिक विखण्डन, दाम्पत्य तनाव, एकल अभिभावकत्व, सामाजिक एकता र संस्कारमा गम्भीर समस्याहरू पनि देखिएका छन् जसको एउटा कारण बसाइँसराइ हो । दीर्घकालीन रूपमा वैदेशिक रोजगारीले युवाहरूलाई आन्तरिक श्रम बजारबाट विस्थापित गराउँदै कृषिको उपेक्षा र परनिर्भर आर्थिक प्रवृत्ति विकास गरिरहेको छ । निष्कर्षतः वैदेशिक रोजगारी नेपालका लागि आर्थिक अपरिहार्यता भए पनि सामाजिक सन्तुलनका दृष्टिले हेर्दा यसले चुनौती पनि सृजना गरिरहेको छ । तसर्थ आर्थिक रणनीति तयार गर्दा सामाजिक सुरक्षालाई समेत समेट्ने दीर्घकालीन र समावेशी नीति बनाउन आवश्यक देखिन्छ । नेपालको सामाजिक र आर्थिक परिवेशमा वैदेशिक रोजगारी एउटा प्रमुख प्रवृत्तिका रूपमा स्थापित भइसकेको छ । कृषिमा आधारित अर्थतन्त्र, सीमित रोजगारीको अवसर र बेरोजगारी दरको निरन्तर वृद्धिले लाखौँ नेपाली युवा विदेशिन बाध्य भएका छन् (Adhikari, २०२०, पृ. ४) । सन् २०२३/२४ मा मात्र ७ लाखभन्दा बढी नेपालीले वैदेशिक रोजगारीका लागि अनुमति प्राप्त गरेको तथ्य छ जसमा महिला श्रमिकको सङ्ख्यामा पनि उल्लेखनीय वृद्धि देखिएको छ (DoFE, २०२३) । वैदेशिक रोजगारीका प्रमुख गन्तव्य मुलुकहरूमा मलेसिया, कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स र दक्षिण कोरिया रहेका छन् (ILO, २०२३, पृ. ११) । रेमिटयान्सले नेपालको कुल गार्हस्थ उत्पादन (Gross Domestic Product–GDP) को २५% भन्दा धेरै हिस्सा ओगट्ने प्रमुख स्रोत हो (Nepal Rastra Bank, २०२३) । यसले ग्रामीण अर्थतन्त्रमा नगद प्रवाह वृद्धि गर्ने, उपभोगमा विविधता ल्याउने र केही हदसम्म पुँजी निर्माणमा पनि सहयोग गरेको देखिन्छ (WorldBank, २०२३, पृ. २२) । त्यसैले ग्रामीण समुदाय शहरतर्फ विस्थापित हुँदै गएको छ । त्यसैगरी वैदेशिक रोजगारीसँगै श्रमिक शोषण, मानव तस्करी, मानसिक तनाव र सामाजिक विघटनका घटनाहरू पनि उल्लेखनीय छन् (Sijapati & Limbu, २०१७, पृ. १७) ।

## अध्ययनको उद्देश्य (objectives of the study)

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन :

१. खोटाङ जिल्लामा बसाइँसराइ र वैदेशिक रोजगारीका प्रमुख कारकहरू (आर्थिक, सामाजिक तथा पूर्वाधारसम्बन्धी) पहिचान गर्ने ।

२. वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले ग्रामीण अर्थतन्त्र, उपभोग, शिक्षा तथा स्वास्थ्यमा पारेको प्रभाव मूल्यांकन गर्ने ।

३. पारिवारिक विखण्डन, एकल अभिभावकत्व, मानसिक स्वास्थ्य तथा श्रम शोषण जस्ता सामाजिक सङ्कटहरूको अध्ययन गर्ने ।

४. प्रादेशिक तथा भौगोलिक स्तरमा बसाइँसराइका गन्तव्य, कारण र प्रवृत्तिको तुलनात्मक विश्लेषण गर्ने ।

५. दिगो विकास लक्ष्यहरूसँग जोडेर स्थानीय रोजगारी सृजना, रेमिट्यान्सको उत्पादनमूलक उपयोग तथा समावेशी नीति निर्माणका लागि सिफारिस प्रस्तुत गर्ने ।

## अनुसन्धान विधि

यो अनुसन्धान दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. १, २, ३, १० र ११ का ४९७४ घरधुरीको १९२४२ जनसङ्ख्यालाई आधार मानी ४९७४ घरधुरीबाट कम्तीमा १ जनाको सम्बोधन हुनेगरी ४९७४ जनसङ्ख्यालाई अध्ययन अनुसन्धानको केन्द्रमा राखी सम्भाव्य नमुना छनोट विधि अन्तर्गत चिट्ठा विधिको माध्यमबाट ४९७४ जनसङ्ख्यालाई अध्ययन जनसङ्ख्याको रूपमा लिई Solvin, 1960 कोसुत्र$n = \frac{N}{1+Ne^2}$ (Kafle, R. & Nepal B. 2075)लाई अवलम्वन गरी ४ प्रतिशत त्रुटिको सम्भावना राखी जम्मा ५५६ घरधुरीबाट १ जना प्रतिनिधिलाई अनुसन्धानको केन्द्रमा राखी उद्देश्यमूलक ढङ्गबाट प्रश्नावलीको माद्यमबाट तथ्याङ्कको सङ्कलन, तालिकीकरण तथा विश्लेषण गरी प्राप्त नतिजालाई वर्णनात्मक तथा परिमाणात्मक विधिको प्रयोग गरी निष्कर्षको रूपमा राखी प्रस्तुत गर्ने जमर्को  गरिएको छ ।

## अध्ययनको महत्त्व (Importance of the study)

यस अनुसन्धानको मुख्य उद्देश्य खोटाङ जिल्लामा भइरहेका बसाइँसराइका प्रमुख कारणहरू पहिचान गर्नुका साथै त्यसले सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पारेका प्रभावहरूको समग्र विश्लेषण गर्नु हो । यो अध्ययनले बसाइँसराइको समस्यालाई केवल व्यक्तिगत वा पारिवारिक विषय होइन, एक गम्भीर सामाजिक, आर्थिक र नीतिगत मुद्दाका रूपमा हेर्छ । खोटाङ जिल्लामा केन्द्रित यस अनुसन्धानले नीति निर्माण, सामुदायिक पुनःसंरचना, आर्थिक विकास र शैक्षिक ज्ञानमा बहुपक्षीय योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

### १. नीति निर्माणमा सहयोगी आधार (नीतिगत पक्षमा प्रभाव):

यस अध्ययनबाट सङ्कलित तथ्यांक, विश्लेषण र निष्कर्षहरूले स्थानीय, प्रादेशिक र संघीय सरकारका लागि स्पष्ट नीति निर्माण गर्न सहयोग पुऱ्याउँछ । रोजगारी, कृषि विकास, पूर्वाधार विस्तार, र जनसंख्या व्यवस्थापनमा आधारित योजनाहरूलाई तथ्यमा आधारित रणनीति तयार गर्न यो अनुसन्धान प्रभावकारी हुने छ ।

### २. सामुदायिक स्थायित्वर सामाजिक एकता प्रवर्द्धन:

बसाइँसराइका कारण कमजोर हुँदै गएको सामाजिक सम्बन्ध, सहयोग र सामूहिक संरचनालाई पुनः सक्रिय बनाउन अध्ययन उपयोगी हुनेछ । अध्ययनको आधारमा महिला, वृद्ध नागरिक, र बाँकी रहेका वर्गहरूलाई लक्षित कार्यक्रमहरू जस्तै सामूहिक कृषि, महिला उद्यमशिलता, वृद्ध सेवाकेन्द्र आदिको अवधारणा ल्याउन सकिन्छ ।

### ३. आर्थिक बहुविकल्पीयता र स्वरोजगार प्रवर्द्धन:

श्रमशक्तिको पलायनका कारण खाली रहेको कृषिक्षेत्रमा प्रविधिमैत्री समाधान (जस्तैः स्मार्ट कृषि, सहकारी प्रणाली) अपनाउने सम्भावना उजागर हुने छ । साथै, वैदेशिक रोजगारीबाट आएको रेमिट्यान्सलाई खर्चमा मात्र होइन, लगानीमुखी परियोजनामा रूपान्तरण गर्न सकिने नीतिगत मार्गदर्शन यस अध्ययनले दिन छ ।

### ४. शैक्षिक र अनुसन्धान क्षेत्रमा योगदान:

यो अध्ययन भविष्यमा सोही विषयमा अनुसन्धान गर्न चाहने विद्यार्थी, शिक्षक वा अनुसन्धानकर्ताका लागि एक महत्त्वपूर्ण आधार बन्ने छ । यसले बसाइँसराइ सम्बन्धी पाठ्यक्रम विकास, केस स्टडी निर्माण, र अनुसन्धान सामग्रीको विकासमा सहयोग पुर्याउने छ ।

## ५. दिगो विकास लक्ष्यहरूसँगको सम्बन्ध (Sustainable Development Goals –SDG) सँग सहकार्य :

उक्त अध्ययनले विशेषगरी संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यहरूमध्ये:

क, SDG१ (गरिबी अन्त्य)

ख,SDG ८ (सभ्य रोजगार र आर्थिक वृद्धि)

ग,SDG ११ (सुरक्षित र समावेशी बस्तीहरू)

सँग प्रत्यक्ष सम्बन्ध राख्दछ । यसकारण, राष्ट्रिय र अन्तर्राष्ट्रिय विकास साझेदारहरूको ध्यान आकर्षण गर्न र सहकार्यको संभावना सिर्जना गर्न समेत यो अध्ययन सक्षम हुने छ ।

## नतिजा विश्लेषण

### नेपालमा वैदेशिक रोजगारीका लागि श्रम अनुमति जारी गर्ने प्रवृत्ति

नेपालमा वैदेशिक रोजगारीले अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा ओगटेको छ, जसमा मुख्य रूपमा खाडी राष्ट्रहरू तथा अन्य विकसित मुलुकहरूमा कामदारहरू पठाइने गरिन्छ। तल दिइएको तालिका १ ले सन् २००९/१० देखि २०२३/२४ सम्मको अवधिमा श्रम अनुमति जारी गर्ने तथ्यांकलाई लिङ्गका आधारमा वर्गीकरण गरी प्रस्तुत गरेको छ । यस तालिकाले पुरुष र महिलाको संख्या तथा प्रतिशत, साथै कुल अनुमतिहरूको वार्षिक प्रवृत्ति देखाउँछ, जसले वैदेशिक रोजगारीमा लैङ्गिक सहभागिता र समग्र प्रवृत्तिमा भएका परिवर्तनहरूलाई उजागर गर्दछ । यो तथ्यांक Foreign Employment Information Management System (FEIMS २०२४) बाट प्राप्त भएको हो, जसले नेपालको वैदेशिक रोजगारी नीति तथा सामाजिक-आर्थिक परिवर्तनहरूको अध्ययनमा सहयोग पुऱ्याउँछ ।

**Table 1**

*The Issuance of Labour Permits Since 2009/10–2023/24*

| Year | Male (No.) | Male (%) | Female (No.) | Female (%) | Total (No.) |
|---|---|---|---|---|---|
| 2009/10 | 220,761 | 98.35 | 3,708 | 1.65 | 224,469 |
| 2010/11 | 242,156 | 98.63 | 3,376 | 1.37 | 245,532 |
| 2011/12 | 434,002 | 95.45 | 20,679 | 4.55 | 454,681 |
| 2012/13 | 572,229 | 94.82 | 31,252 | 5.18 | 603,481 |
| 2013/14 | 622,481 | 95.16 | 31,642 | 4.84 | 654,123 |
| 2014/15 | 633,588 | 95.57 | 29,358 | 4.43 | 662,946 |
| 2015/16 | 564,257 | 94.82 | 30,803 | 5.18 | 595,060 |
| 2016/17 | 583,259 | 94.66 | 32,918 | 5.34 | 616,177 |
| 2017/18 | 578,012 | 94.61 | 32,919 | 5.39 | 610,931 |
| 2018/19 | 476,589 | 93.69 | 32,120 | 6.31 | 508,709 |
| 2019/20 | 339,901 | 92.28 | 28,431 | 7.72 | 368,332 |
| 2020/21 | 155,223 | 93.13 | 11,455 | 6.87 | 166,678 |
| 2021/22 | 580,947 | 92.20 | 49,128 | 7.80 | 630,075 |
| 2022/23 | 699,187 | 90.65 | 72,133 | 9.35 | 771,320 |
| 2023/24 | 661,125 | 89.18 | 80,172 | 10.82 | 741,297 |

Source: National Population and Housing Census 2021

यो तालिकाले नेपालबाट वैदेशिक रोजगारीका लागि श्रम अनुमति जारी गर्ने प्रवृत्तिमा उल्लेखनीय परिवर्तनहरू देखाउँछ, जसलाई लैङ्गिक सहभागिता, समग्र वृद्धि दर तथा बाह्य कारकहरूको प्रभावका आधारमा विश्लेषण गर्न सकिन्छ । प्रथमतः, कुल श्रम अनुमतिहरूको संख्या हेर्दा २००९/१० मा २२४,४६९ बाट सुरु भई २०१४/१५ सम्ममा उल्लेखनीय वृद्धि (६६२,९४६) भएको देखिन्छ, जसले नेपालको आर्थिक विकास, बेरोजगारी दर तथा वैदेशिक रोजगारीको आकर्षणलाई प्रतिबिम्बित गर्दछ । यस अवधिमा वार्षिक औसतवृद्धि दर करिब २०% रहेको अनुमान गर्न सकिन्छ, जसमा मुख्य रूपमा खाडी राष्ट्रहरू (जस्तै साउदी अरब, कतार) तर्फको प्रवाह प्रमुख कारक हो । तर, २०१९/२० देखि २०२०/२१ मा कुल अनुमति संख्यामा तीव्र गिरावट (३६८,३३२ बाट १६६,६७८ मा) आएको छ, जसको मुख्य कारण विश्वव्यापी कोभिड-१९ महामारी मान्न सकिन्छ । यस महामारीले अन्तर्राष्ट्रिय यात्रा प्रतिबन्ध, रोजगारीका अवसरहरूमा कमी तथा स्वास्थ्य जोखिमहरूका कारण नेपाली कामदारहरूको प्रवाहलाई प्रभावित गरेको स्पष्ट छ । महामारीपछि २०२१/२२ देखि पुनः वृद्धि भएको देखिन्छ, जसमा २०२२/२३ मा उच्चतम संख्या (७७१,३२०) पुगेको छ, तर २०२३/२४ मा थोरै गिरावट (७४१,२९७) आएको छ, जसले महामारीपछिको आर्थिक पुनरुत्थान र सम्भावित नयाँ नीतिगत परिवर्तनहरू (जस्तै न्यूनतम ज्याला वृद्धि वा गन्तव्य मुलुकहरूको नीति) लाई संकेत गर्दछ ।

लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गर्दा, पुरुष कामदारहरूको प्रभुत्व स्पष्ट छ, जसको प्रतिशत २००९/१० मा ९८.३५% बाट घटेर २०२३/२४ मा ८९.१८% मा पुगेको छ । यसले वैदेशिक रोजगारीमा पुरुषहरूको परम्परागत रूपमा उच्च सहभागितालाई देखाउँछ, जसमा निर्माण, उत्पादन तथा सेवाक्षेत्रहरूमा उपलब्ध अवसरहरू प्रमुख छन् । यसको विपरीत, महिलाहरूको सहभागिता निरन्तर बढ्दै गएको छ, जसको प्रतिशत १.६५% बाट १०.८२% मा पुगेको छ । यो वृद्धि विशेष रूपमा २०११/१२ देखि २०२३/२४ सम्ममा उल्लेखनीय छ, जसमा महिलाको संख्या ३,७०८ बाट ८०,१७२ मा पुगेको छ । यस प्रवृत्तिले नेपालमा महिलाहरूको सशक्तीकरण, शिक्षा तथा रोजगारीका अवसरहरूमा भएको सुधारलाई प्रतिबिम्बित गर्दछ, साथै गन्तव्य मुलुकहरूमा घरेलु काम, नर्सिङ तथा सेवाक्षेत्रमा महिलाहरूका लागि बढ्दो मागलाई पनि लिन सकिन्छ । उदाहरणका लागि, २०२२/२३ र २०२३/२४ मा महिलाको प्रतिशत क्रमशः ९.३५% र १०.८२% पुग्नुले लैङ्गिक समानता तर्फको प्रगतिलाई दर्साउँछ, तर अझै पनि पुरुषहरूको तुलनामा महिलाहरूको संख्या न्यून रहनुले चुनौतीहरू (जस्तै सुरक्षा, शोषण तथा सांस्कृतिक बाधाहरू) विद्यमान रहेको संकेत गर्दछ ।

समग्रमा, यो तथ्यांकले नेपालको वैदेशिक रोजगारीलाई आर्थिक विकासको इन्जिनको रूपमा स्थापित गर्दछ, तर यसमा बाह्य झट्काहरू (जस्तै महामारी) को प्रभाव र लैङ्गिक असन्तुलनलाई सम्बोधन गर्ने आवश्यकता देखाउँछ । नीतिगत रूपमा, सरकारले महिलाहरूको सुरक्षित प्रवाहलाई प्रोत्साहन दिने कार्यक्रमहरू (जस्तै कौशल विकास तथा द्विपक्षीय सम्झौताहरू) लाई मजबुत बनाउनु पर्ने देखिन्छ, जसले दिगो तथा समावेशी विकासमा योगदान दिन सक्छ । यस विश्लेषणले

भविष्यका अध्ययनहरूका लागि आधार प्रदान गर्दछ, जसमा क्षेत्रीय वितरण, गन्तव्य मुलुकहरू तथा रेमिट्यान्सको प्रभाव जस्ता पक्षहरूलाई समावेश गर्न सकिन्छ ।

## नेपालमा अनुपस्थित जनसंख्याको प्रवास प्रवृत्ति

नेपाल राष्ट्रिय जनगणना तथा आवास गणना National Population Housing Census (NPHC) २०२१ को तथ्यांकले देशको अनुपस्थित जनसंख्याको गन्तव्य देशहरूको बारेमा महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ । यो तालिका (तालिका २) ले शीर्ष दश जिल्लाहरूमा अनुपस्थित जनसंख्याको प्रतिशत वितरणलाई गन्तव्य क्षेत्रहरू अनुसार देखाउँछ, जसले नेपालको वैदेशिक रोजगारी, अध्ययन, तथा अन्य प्रवासका प्रवृत्तिहरूको प्रतिबिम्बन गर्दछ । यसले सीमावर्ती क्षेत्रहरूमा भारतप्रतिको निर्भरता, श्रम बजारका लागि मध्य पूर्व र एसियन देशहरूको आकर्षण, तथा विकसित देशहरूमा उच्च शिक्षित वर्गको प्रवासलाई उजागर गर्दछ । यस तथ्यांकले नेपालको सामाजिक-आर्थिक गतिशीलता र प्रवास नीतिका लागि आधार प्रदान गर्दछ ।

**Table 2**

*Absent population of top ten districts by destination countries (in percentage), NPHC 2021*

| District | India | SAARC (excl. India) | ASEAN | Middle East | Other Asian | EU | Other Europe | North America | S. America/Caribbean | African | Pacific | Others | Not Stated | Total (No.) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Nepal | 10.71 | 0.13 | 2.6 | 14.04 | 2.64 | 1.51 | 1.23 | 2.30 | 0.02 | 0.11 | 2.69 | 0.09 | 0.09 | 2,190,592 |
| Kathmandu | 4.22 | 0.61 | 3.76 | 23.59 | 11.19 | 8.27 | 6.07 | 19.41 | 0.11 | 0.57 | 20.66 | 0.89 | 0.58 | 144,983 |
| Kailali | 89.22 | 0.08 | 1.91 | 4.76 | 1.39 | 0.5 | 0.21 | 0.87 | 0.00 | 0.09 | 0.69 | 0.05 | 0.04 | 110,428 |
| Jhapa | 17.45 | 0.29 | 9.72 | 55.06 | 4.74 | 3.2 | 1.91 | 3.66 | 0.03 | 0.23 | 3.43 | 0.01 | 0.08 | 91,414 |
| Rupandehi | 25.87 | 0.28 | 6.6 | 41.07 | 8.68 | 4.04 | 2.97 | 4.16 | 0.07 | 0.34 | 5.51 | 0.12 | 0.18 | 79,918 |
| Morang | 14.53 | 0.12 | 12.36 | 54.61 | 4.17 | 2.72 | 1.87 | 3.76 | 0.00 | 0.23 | 3.2 | 0.03 | 0.07 | 75,768 |
| Dhanusa | 10.47 | 0.26 | 12.26 | 54.54 | 4.04 | 3.17 | 2.19 | 3.7 | 0.00 | 0.23 | 3.03 | 0.06 | 0.07 | 73,788 |
| Kaski | 10.16 | 0.15 | 3.43 | 34.48 | 16.53 | 7.75 | 10.19 | 7.48 | 0.06 | 0.16 | 6.93 | 0.13 | 0.10 | 66,426 |
| Kanchanpur | 82.95 | 0.11 | 3.05 | 8.5 | 1.43 | 0.68 | 1.07 | 1.18 | 0.00 | 0.15 | 0.94 | 0.05 | 0.04 | 66,235 |
| Chitawan | 11.14 | 0.34 | 4.61 | 39.83 | 13.5 | 7.13 | 3.01 | 5.93 | 0.07 | 0.24 | 13.62 | 0.12 | 0.07 | 65,164 |
| Sunsari | 9.03 | 0.4 | 12.58 | 54.68 | 7.23 | 2.76 | 1.65 | 2.82 | 0.05 | 0.31 | 3.12 | 0.15 | 0.17 | 62,871 |

Source: National Population and Housing Census 2021

### विश्लेषण

१. सीमावर्ती जिल्लाहरूमा भारतप्रतिको उच्च निर्भरता: कैलाली (८९.२२%) र कञ्चनपुर (८२.९५%) जस्ता नेपाल-भारत सीमावर्ती जिल्लाहरूमा अनुपस्थित जनसंख्याको ठुलो हिस्सा भारततर्फ प्रवास गरेको देखिन्छ । यो प्रवृत्ति सांस्कृतिक, आर्थिक तथा भौगोलिक निकटताका कारण हो, जसले दैनिक रोजगारी र पारिवारिक सम्बन्धलाई प्रोत्साहित गर्दछ । राष्ट्रिय औसत (१०.७१%) भन्दा यो निकै उच्च छ, जसले नेपालको दक्षिणी क्षेत्रमा भारतको प्रभावकारी भूमिकालाई उजागर गर्दछ र प्रवास नीतिमा क्षेत्रीय असन्तुलनलाई संकेत गर्दछ ।

२. श्रम प्रवासको प्रमुख गन्तव्यका रूपमा मध्य पूर्व र Association of South East Asian Nation (ASEAN) झापा (५५.०६%), मोरङ (५४.६१%), धनुषा (५४.५४%) र सुनसरी (५४.६८%) जस्ता पूर्वी तराईका जिल्लाहरूमा अनुपस्थित जनसंख्याको आधाभन्दा बढी मध्य पूर्वतर्फ प्रवास

गरेको छ, जबकि ASEAN मा पनि उल्लेखनीय हिस्सा (९.७२% देखि १२.५८%) छ । यो तथ्याङ्कले नेपालको अर्ध-कुशल तथा कुशल श्रमशक्तिको तेल तथा निर्माण क्षेत्रहरूमा आकर्षणलाई प्रतिबिम्बित गर्दछ, जसले विप्रेषण अर्थतन्त्रलाई बलियो बनाउँछ तर जोखिमपूर्ण प्रवास (जस्तै शोषण) को सम्भावनालाई पनि इंगित गर्दछ । राष्ट्रिय स्तरमा मध्य पूर्व (१४.०४%) को तुलनामा यी जिल्लाहरूमा यो प्रवृत्ति अधिक केन्द्रित छ ।

३. विकसित देशहरूमा उच्च शिक्षित वर्गको प्रवासः काठमाडौं (१९.४१% उत्तर अमेरिका, ८.२७% Europian Union (EU) र कास्की (७.४८% उत्तर अमेरिका, ७.७५% EU) जस्ता शहरी तथा पर्यटकीय जिल्लाहरूमा अनुपस्थित जनसंख्याको उल्लेखनीय हिस्सा विकसित क्षेत्रहरू (EU, उत्तर अमेरिका, अन्य यूरोप) तर्फ छ । यो प्रवृत्ति उच्च शिक्षा, प्राविधिक रोजगारी तथा स्थायीबसोबासको अवसरसँग सम्बन्धित छ, जसले 'ब्रेन ड्रेन' को मुद्दालाई उठाउँछ । राष्ट्रिय औसत (२.३०% उत्तर अमेरिका, १.५१% भन्दा यी जिल्लाहरूमा यो हिस्सा ५-८ गुणा बढी छ, जसले नेपालको सामाजिक असमानता र शैक्षिक अवसरहरूको क्षेत्रीय विभेदलाई देखाउँछ ।

४. प्रवास गन्तव्यहरूको विविधता र जिल्लागत भिन्नताः रुपन्देही (४१.०७% मध्य पूर्व, २५.८७% भारत) र चितवन (३९.८३% मध्य पूर्व, १३.५०% अन्य एसिया) जस्ता जिल्लाहरूमा गन्तव्यहरूको मिश्रित वितरण देखिन्छ, जसले बहुपक्षीय प्रवास प्रवृत्तिलाई संकेत गर्दछ । यसको विपरीत, कैलाली र कञ्चनपुर जस्ता जिल्लाहरूमा प्रवास भारत केन्द्रित (८०% भन्दा बढी) छ । यो विविधताले नेपालको जिल्लागत आर्थिक संरचना, शिक्षा स्तर तथा सामाजिक सञ्जालको प्रभावलाई प्रतिबिम्बित गर्दछ, जसले नीति निर्माणमा क्षेत्र-विशेष हस्तक्षेपको आवश्यकता उजागर गर्दछ ।

५. कुल अनुपस्थित जनसंख्यामा शीर्ष जिल्लाहरूको योगदान र नीतिगत प्रभावः शीर्ष दश जिल्लाहरूले राष्ट्रिय अनुपस्थित जनसंख्याको करिब ३४% (७४६,०१३ व्यक्ति) योगदान गर्दछन्, जसमा काठमाडौं (१४४,९८३) र कैलाली (११०,४२८) प्रमुख छन् । यो तथ्याङ्कले प्रवासको असमान वितरणलाई देखाउँछ, जसले विप्रेषणको सकारात्मक प्रभाव (आर्थिक वृद्धि) सँगै नकारात्मक प्रभाव (जनसंख्या असन्तुलन, पारिवारिक विखण्डन) लाई उत्पन्नगर्दछ । जर्नल सन्दर्भमा, यसले नेपालको प्रवास नीतिमा दिगो विकास लक्ष्यहरू (SDGs) सँग जोडेर अध्ययन गर्नुपर्ने आवश्यकता उठाउँछ, विशेष गरी विप्रेषणको प्रभावकारी उपयोग र प्रवासीहरूको सुरक्षा हुन्छ ।

## प्रदेश अनुसार अनुपस्थितिको मुख्य कारण

नेपालको राष्ट्रिय जनगणना २०२१ अनुसार घरमा अनुपस्थित (Usually resident but absent during census) व्यक्तिहरूको मुख्य कारणलाई यो तालिकाले प्रदेशस्तरीय रूपमा प्रस्तुत गरेको छ । कुल २१,९१,१९२ जना व्यक्ति गणना अवधिमा घरमा अनुपस्थित थिए । यीमध्ये सबैभन्दा ठुलो हिस्सा (५९.८%) तलबी/ज्यालादारी कामको सिलसिलामा विदेश वा अन्यत्र गएका छन् भने २०.४% आश्रित (dependent) परिवारका सदस्यका रूपमा विदेशमा बसोबास गरिरहेका छन् । रोजगारी खोजी(१३.८%), पढाइ/तालीम (३.१%) र व्यापार/व्यवसाय(०.३%) पनि उल्लेख्य कारणका रूपमा देखिएका छन् । प्रदेशहरूबीच यी कारणहरूमा स्पष्ट भिन्नता देखिन्छ जसले नेपालको श्रम बजार, शैक्षिक अवसर र वैदेशिक रोजगारीको प्रवृत्तिलाई झल्काउँछ ।

**Table 3**

*Main reason of absence by province*

| Province | Salary/ wage job (No.) | Trade/ business (No.) | Study/ training (No.) | Seeking job (No.) | Dependent (No.) | Others (No.) | Not stated (No.) | Don't know (No.) | Total |
|---|---|---|---|---|---|---|---|---|---|
| **Koshi** | 260,782 | 1,784 | 23,924 | 29,824 | 21,589 | 3,099 | 465 | 1,567 | **343,034** |
| % | 76.0 | 0.5 | 7.0 | 8.7 | 6.3 | 0.9 | 0.1 | 0.5 | 100.0 |
| **Madhesh** | 233,992 | 2,592 | 11,945 | 37,459 | 13,878 | 1,831 | 788 | 1,801 | **304,286** |
| % | 76.9 | 0.9 | 3.9 | 12.3 | 4.6 | 0.6 | 0.3 | 0.6 | 100.0 |
| **Bagmati** | 209,615 | 3,262 | 109,978 | 28,513 | 37,793 | 6,294 | 580 | 1,895 | **397,930** |
| % | 52.7 | 0.8 | 27.6 | 7.2 | 9.5 | 1.6 | 0.1 | 0.5 | 100.0 |
| **Gandaki** | 194,863 | 1,489 | 28,966 | 23,240 | 29,744 | 2,583 | 1,988 | 3,720 | **286,593** |
| % | 68.0 | 0.5 | 10.1 | 8.1 | 10.4 | 0.9 | 0.7 | 1.3 | 100.0 |
| **Lumbini** | 295,364 | 2,636 | 21,770 | 49,436 | 42,547 | 3,793 | 1,675 | 3,685 | **420,906** |
| % | 70.2 | 0.6 | 5.2 | 11.7 | 10.1 | 0.9 | 0.4 | 0.9 | 100.0 |
| **Karnali** | 50,632 | 377 | 2,273 | 26,653 | 11,394 | 1,339 | 574 | 1,078 | **94,320** |
| % | 53.7 | 0.4 | 2.4 | 28.3 | 12.1 | 1.4 | 0.6 | 1.1 | 100.0 |
| **Sudurpashchim** | 205,290 | 986 | 10,521 | 47,259 | 70,127 | 5,055 | 1,504 | 2,781 | **343,523** |
| % | 66.2 | 0.6 | 9.6 | 11.1 | 10.4 | 1.1 | 0.3 | 0.8 | 100.0 |
| **Total** | **1,450,935** | **13,130** | **209,433** | **242,460** | **227,125** | **24,000** | **7,576** | **16,532** | **2,191,192** |
| % | 59.8 | 0.3 | 3.1 | 13.8 | 20.4 | 1.5 | 1.2 | 0.8 | 100.0 |

Source: National Population and Housing Census 2021

### १. तलबी/ज्यालादारी काम सबैभन्दा प्रबल कारण

राष्ट्रिय औसत ५९.८% रहेकोमा मधेश प्रदेशमा यो हिस्सा सबैभन्दा उच्च (७६.९%) र कोशी प्रदेशमा पनि ७६.०% छ । यी दुवै तराईका प्रदेशहरूबाट खाडी मुलुक र मलेसिया जाने वैदेशिक रोजगारीको प्रवाह निकै ठुलो छ । यसको विपरीत बागमती प्रदेशमा यो अनुपात केवल ५२.७% छ किनभने यहाँ अध्ययन/तालीमको कारणले अनुपस्थिति २७.६% छ, जुन राष्ट्रिय औसतभन्दा लगभग नौ गुणा बढी हो । काठमाडौँ उपत्यका र आसपासका शहरी क्षेत्रमा उच्च शिक्षा र तालिमका अवसर प्रशस्त भएकाले यो स्वाभाविक देखिन्छ ।

### २. रोजगारी खोजीमा रहेका व्यक्तिको उच्च हिस्सा कर्णाली र मधेशमा

कर्णाली प्रदेशमा रोजगारी खोजीको कारण २८.३% छ, जुन राष्ट्रिय औसत १३.८% को दोब्बरभन्दा बढी हो । यो प्रदेशमा स्थानीय रोजगारीको अभाव र सीपयुक्त जनशक्तिको कमी स्पष्ट झल्किन्छ । त्यस्तै मधेश (१२.३%), लुम्बिनी (११.७%) र सुदूरपश्चिम (११.१%) मा पनि यो कारण उल्लेख्यछ । यी क्षेत्रबाट भारततर्फ हुने मौसमी तथा अस्थायी बसाइँसराइ पनि "रोजगारी खोजी"मा समेटिएको हुन सक्छ ।

### ३. आश्रित (Dependent) को हिस्सा बढ्दो

राष्ट्रिय औसत २०.४% रहेकोमा सुदूरपश्चिममा १०.४%, लुम्बिनीमा १०.१%, कर्णालीमा १२.१% र गण्डकीमा १०.४% छ । वैदेशिक रोजगारीमा गएका व्यक्तिका श्रीमती, छोराछोरी र अभिभावकहरू विदेशमै बसोबास गर्न थालेको यो तथ्यांकले पुष्टि गर्छ । यो प्रवृत्तिले दीर्घकालमा गाउँ-गाउँमा काम गर्ने उमेरका जनशक्ति र बालबालिकाको अभाव सिर्जना गरिरहेको छ ।

### ४. अध्ययन/तालिमको कारण बागमतीबाहेक निकै कम

बागमतीबाहेक सबै प्रदेशमा यो कारण १०% भन्दा कम छ । गण्डकीमा १०.१%, सुदूरपश्चिममा ९.६%, कोशीमा ७.०% छ । बाँकी प्रदेशमा ५% भन्दा कम छ । यसले नेपालको

उच्च शिक्षा र प्राविधिक तालिमको अवसर अत्यन्त केन्द्रिकृत र असमान रूपमा वितरित भएको प्रष्ट पार्छ ।

### ५. व्यापार/व्यवसाय र "अन्य" कारण नगण्य

राष्ट्रिय औसत ०.३% मात्र व्यापार/व्यवसायका लागि अनुपस्थित छन् । यो तथ्यांकले नेपालीहरू विदेशमा उद्यमी बन्नुभन्दा ज्यालादारी काम गर्न बढी बाध्य भएको देखाउँछ ।

### ६. "नजानेको/नभनेको" को हिस्सा पनि विचारणीय

कर्णालीमा १.१%, गण्डकीमा १.३%, लुम्बिनीमा ०.९% व्यक्ति "डोन्ट नो" वा "नट स्टेटेड" मा परेका छन् । यो अनिश्चितताले गणना प्रक्रियामा रहेको कमजोरी वा गोपनीयताको चाहना दुवैलाई संकेत गर्छ । यो तालिकाले नेपालको वैदेशिक रोजगारी र बसाइँसराइको वास्तविक चित्र प्रस्तुत गर्छ । तलबी काम र आश्रितका रूपमा विदेशिने प्रवृत्ति तराई र पहाडी प्रदेशमा प्रबल छ भने बागमतीमा शैक्षिक बसाइँसराइ हावी छ । कर्णाली र सुदूरपश्चिमजस्ता दुर्गम प्रदेशमा रोजगारीको अभावले "रोजगारी खोजी"लाई प्रमुख कारण बनाएको छ । यी तथ्यांकले नीति निर्माता, विकास योजना आयोग र श्रम मन्त्रालयलाई स्थानीय रोजगारी सिर्जना, सीप विकास र शिक्षाको विकेन्द्रीकरणमा तीव्रता दिन स्पष्ट सन्देश दिन्छ । अन्यथा आउँदो दशकमा गाउँहरू थप खाली हुँदै जाने निश्चित छ ।

## वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने नेपालीको प्रादेशिक प्रवृत्ति (२०७७/७८-२०८१/८२)

नेपालबाट वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति (Labour Approval) लिने संख्याले देशको अर्थतन्त्र, युवा जनसंख्याको गतिशीलता र श्रम बजारको अवस्थालाई प्रत्यक्ष रूपमा झल्काउँछ । कोभिड-१९ महामारीपछिको पुनरुत्थान चरणदेखि हालसम्मको पाँच आर्थिक वर्षको तथ्याङ्कले वैदेशिक रोजगारीको मागमा आएको उतारचढाव, प्रादेशिक असमानता र समग्र प्रवृत्तिलाई स्पष्ट पार्छ । तालिका ४ मा वैदेशिक रोजगारी विभागको वार्षिक प्रतिवेदन (२०८१/८२) बाट संकलित प्रादेशिक श्रम स्वीकृति संख्यालाई प्रस्तुत गरिएको छ, जसले २०७७/७८ मा ५ लाख ९७ हजारबाट सुरु भई २०८१/८२ मा ४ लाख ३७ हजार ५६३ मा झरेको समग्र गिरावटलाई देखाउँछ ।

**Table 4**

*Provincial Labour Approval (२०७७/७८–२०७९/८०)*

| प्रदेश | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
|---|---|---|---|---|---|
